# सुनछहरी गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ३ सुनछहरी, पौष २० गते, २०८० साल संख्या ९

स्थानीय सरकार संचालन ऐन ,२०७४ को दफा १०२ को उपदफा १ बमोजिम सुनछहरी गाउँपालिकाको गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## भाग-१

## सुनछहरी गाउँपालिकाको प्रशासकीय कार्यविधी (नियमित गर्ने) ऐन, २०८०

**गाउँसभाबाट पारित मितिः २०८०।०९।२०**

**प्रमाणिकरण मितिः२०८०।०९।२३**

**स्थानिय राजपत्रमा प्रकाशित मितिः २०८०।०९।२३**

**प्रस्तावनाः** नेपालको अनुसूची ८ र ९ तथा स्थानिय सरकार सञ्चालन ऐन २०७४, बमोजिम स्थानिय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकिय कार्यविधि नियमित गर्न बाञ्छनीय भएकोले स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा(१) बमोजिम सुनछहरी गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ।

**१ संक्षिप्त नाम विस्तार र प्रारम्भः** (१) यो ऐनको नाम "सुनछहरी गाउँपालिकाको प्रशासकीय कार्यविधि ( नियमित गर्ने) ऐन २०८०" रहेको छ।

(२) यो ऐन सुनछहरी गाउँपालिका क्षेत्रभित्र तुरुन्त लागु हुनेछ।

**२ परिभाषाः (१)** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क)" ऐन" भन्नाले सुनछहरी गाउँपालिकाको प्रशासकिय कार्यविधि (नियमित गर्ने ) ऐन २०८० सम्झनु पर्छ।

(ख) "कार्यपालिका" भन्नाले सुनछहरी गाउँपालिका को कार्यपालिका सम्झनु पर्छ।

(ग) "उपमहानगरपालिका" भन्नाले सुनछहरी गाउँपालिका को कार्यपालिका सम्झनु पर्छ ।

(घ) "सभा" भन्नाले संविधानको धारा २२३ बमोजिम सुनछहरी गाउँपालिका को गाउँसभालाई सम्झनुपर्छ ।

(ङ) "संविधान " भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

**३ नियम बनाउने अधिकारः** (१) नेपालको संविधान तथा स्थानिय सरकार संचालन ऐन २०७४ बमोजिम गाउँपालिकालाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त सुनछहरी गाउँपालिकाको कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

**(२) उपदफा (१)** बमोजिम नियम बनाउँदा संघिय तथा प्रदेश कानून बमोजिम स्थानिय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

**४ निर्देशिका कार्यविधि र मापदण्ड बनाउन सक्नेः** (१) संविधान, ऐन तथा यस ऐन अन्तरगत बनेको नियमावलीको अधिनमा रही सुनछहरी गाउँपालिकाको कार्यपालिकाले आवश्यता अनुसार निर्देशिका कार्यविधि र मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

आज्ञाले,
लालसिंह खड्का
प्रमुख प्रशासकीय अधिकृत

सुनछहरी गाउँपालिका
Sunchhahari Rural Municipality
२०७३
पोबाङ, रोल्पा